# उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका - २०७४

## प्रस्तावना

गाउँपालिका क्षेत्र भित्र संचालन हुने कार्यहरु र अवसरहरुको सामाजिक वातावरणीय तथा दिगो विकास व्यवस्थापनको हिसावले समान नागरीक सहभागिता र समन्वाईक वितरण प्रणालीबाट स्थानीय श्रोतहरुको सही र दिगो उपयोग गरी शुसासन, सहभागितामूलक विकास व्यवस्थापन तथा पारदर्शि स्थानीय सरकार स्थापना हेतुले गाउँपालिकाले संचालन गर्ने विकास व्यवस्थापनलाई सरल र सहज बनाउँदै बढि प्रतिफलमूखी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी भोक्राहा गाउँपालिकाको उपभोक्ता समिति गठन र सञ्चालन निर्देशिका २०७४ तयार गरी लागू गरीएको छ ।

## परिच्छेद - १

### १.संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिका नाम “उपभोक्ता समिति गठन र संचालन निर्देशिका २०७४” रहने छ ।

१.२ यो निर्देशिका भोक्राहा नरसिंह गाउँपालिकाको गाउँसभाले दिएको अधिकार प्रयोग गरी निर्माण गरीएकोले सोही सभाको निर्णय बमोजिम गाउँपालिकको कार्यपालिकाको स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ ।

### २. परिभाषा

विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(ख) “उपभोक्ता समूह” भन्नाले स्थानीय स्तरमा संचालन हुने योजना तथा कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने घर परिवाहरुको प्रतिनिधित्व हुने सदस्यको समूहलाई सम्झनु पर्दछ ।

(ग) “आर्थिक नियम” भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ सम्झनु पर्दछ ।

(घ) “उपभोक्ता समिति” भन्नाले उपभोक्ता समूहरुको भेलाले कार्यक्रमको तर्जुमा, सन्चालन, मर्मत सम्भार र सेवा संचालनका लागि समूहकै सदस्यहरु मध्येवाट छनौट गरी बनाइएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) “योजना” भन्नाले बजेट कार्यक्रम, परियोजना तथा सो अन्तरगतका गतिविधि समेतलाई सम्झनु पर्दछ ।

(च) “गा.पा” भन्नाले गाउँपालिका सम्झनु पर्दछ ।

(छ) “स्थानीय तह” भन्नाले जिल्ला समन्वय समिति, गाउँपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

### निर्देशिकाका अवधारणा, लक्ष्य र अद्देश्य

### ३. अवधारणा

गाउँपालिकामा सञ्चालन हुने विकास निर्माण सम्बन्धी योजना तथा अन्य कार्यक्रमहरुलाई पारदर्शि तवरले अत्याधिक जन सहभागितामा व्यवस्थित ढङ्गले संचालन गरी प्राप्त हुने उपलब्धिलाई समानुपातिक रुपमा सबै उपभोक्ताहरुले प्राप्त गर्न सक्ने वातावरण तयार गर्नु यस निर्देशिकाको अवधारणा हुनेछ ।

**४. लक्ष्य**

स्थानीय स्तरमा संचालन हुने योजना मध्ये रु १० लाख सम्मका कार्यक्रम स्थानीय जनताको प्रत्यक्ष सरोकारसँग सम्बन्धित योजनाहरुलाई जनताको सहभागितामा जनताद्धारा नै सम्पन्न गराउन उपभोक्ता समिति गठन गरी उक्त समितिलाई दिनु यस निर्देशिकाको लक्ष्य हुनेछ ।

**५. उद्धेश्य**

यस निर्देशिकाका उद्धेश्यहरु देहाय अनुसार हुनेछन् ।

- योजना छनौट, कार्यान्वयन एवम् मर्मत सम्भारका लागी अत्याधिक मात्रामा जनसहभागिता जुटाउने ।
- उपभोक्ता समितिलाई लक्षित समुदायको समानुपातिक प्रतिनिधित्व गराउने ।
- योजना/कार्यक्रमलाई पारदर्शी ढंगले सम्पन्न गराउने ।
- योजनाबाट प्राप्त हुने प्रतिफललाई लक्षित समुदायमा समानुपातिक रुपमा उपलब्ध गराउन सहयोग पुर्याउने ।
- उपभोक्ताहरुमा योजना/कार्यक्रम हाम्रा लागि हाम्रै सहभागितामा सम्पन्न गरी हामीले नै संरक्षण एवम् सम्बर्द्धन गर्नु पर्दछ भन्ने भावनाको विकास गराउन सहयोग पुर्याउने ।

## परिच्छेद - ३

### उपभोक्ता समितिको गठन सम्बन्धि

**६. उपभोक्ता समितिको गठन**

कुनै पनि योजना वा कार्यक्रमको पूर्व सम्भाव्य अध्ययन पश्चात सो योजना कार्यान्वयन गर्न गाउँपालिका वा अन्य सरकारी/गैर सरकारी संघ संस्थाहरुबाट उपभोक्ता समिति गठन गर्ने प्रस्ताव गाउँ वस्तीमा सूचना दिएर उपभोक्ताहरुको आम भेलावाट गठन गर्न सकिने छ ।

**७. उपभोक्ता समूहको पहिचान**

योजना तथा कार्यक्रमले प्रत्यक्ष लाभ पुऱ्याउने घरधुरी वा परिवार उपभोक्ता समूह भित्र पर्दछन् अतः उक्त घर परिवारको विवरण जनप्रतिनिधि, स्थानीय वुद्धिजिवी वा नागरिक समाजको सकियतामा तयार गर्नु पर्दछ । साथै उपभोक्ता समूहमा आवद्ध गराउनु पर्दछ । योजना तथा कार्यक्रमले प्रत्यक्ष लाभ पुऱ्याउने घरधुरी वा परिवारको लगत श्रोत नक्सा वा सामाजिक नक्साङ्कनबाट समेत तयार गर्न सकिने छ ।

**८. उपभोक्ता समितिको गठन प्रकिया**

- योजना तथा कार्यक्रमवाट प्रत्यक्ष फाइदा पुग्ने घरपरिवाको विवरण तयार भए पछि उक्त परिवारहरुवाट प्रतिनिधित्व हुने गरी सार्वजनिक स्थानमा भेला बोलाउनु पर्नेछ ।
- उक्त भेलामा छनौट भएको योजना वारे जानकारी दिनु पर्नेछ । योजनाको लागी अनुमानित बजेट, जनसहभागिता, योजनाको लक्ष्य, कार्य सञ्चालन गर्न लाग्ने अवधि आदि बारे स्पष्ट जानकारी गराइनु पर्दछ ।
- समूहको भेलामा कम्तीमा ८० प्रतिशत प्रतिनिधिहरुको उपस्थिति भएको हुनु पर्दछ ।

- सभामा उपस्थितहरुको संख्या माथिको बुँदा ६.३.३ अनुसारको गण पुरक संख्या भएको अवस्थामा सो भेलामा उपस्थित सदस्यहरु मध्येवाट समानुपातिक प्रतिनिधित्व गराई कार्य सञ्चालनलाई व्यवस्थित छिटो छरितो बनाउनका लागि एक उपभोक्ता समिति गठन गरिनु पर्दछ ।

## ९. समिति गठन गर्दा ध्यान दिनु पर्ने कुराहरु

- समितिको सदस्यहरु मध्ये सामान्यतया ३० (तिस) प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।
- समितिको अध्यक्षमा वहालवाला निर्वाचित जनप्रतिनिधि बस्न पाइने छैन ।
- समितिको गठन गाउँपालिकाको प्रतिनिधिको रोहवरमा गर्नुपर्ने छ ।
- उपभोक्ता समितिको गठन गर्दा ७ देखि ११ जना सम्मको बनाउन सकिने छ ।
- उपभोक्ता समितिको सदस्य वा पदाधिकारीहरुको छनौट सकेसम्म सर्वसम्मत रुपमा गरिनु पर्दछ। यदि आवश्यक भन्दा बढी उम्मेदवार भएमा बहुमतको आधारमा छनौट गर्नु पर्नेछ । सो का लागि भेलाले बनाएको छनौट विधि प्रयोग गरिनु पर्दछ ।
- उपभोक्ता समिति गठन प्रकिया विवाद भई गठन हुन नसकेमा वा समूहले चासो नदेखाएमा गाउँपालिकाको प्रतिनिधिको प्रतिवेदन अनुसार सम्बन्धित निकायले अन्य प्रकियाबाट योजना सञ्चालन गर्ने छ वा अर्को उपभोक्ता समिति बनाउन सक्ने छ ।
- उपभोक्ता समितिमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई समावेश गर्न पाइने छैन ।
- उपभोक्ता समितिमा दलित, जनजातिको कम्तिमा ३० प्रतिशत प्रतिनिधित्व गराउनु पर्दछ ।
- सबै पदाधिकारीको छनौट भएपछि निर्णय पुस्तिकामा निर्णय लेखि अभिलेख राख्नु पर्नेछ ।

## १०. उपभोक्ता समितिमा सदस्य छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु

- योजना क्षेत्रभित्र स्थायी रुपले बसोबास गर्ने उपभोक्ता मध्येको व्यक्ति हुनु पर्ने छ ।
- जिविकोपार्जनका लागी गाउँपालिका छोड्न नपर्ने व्यक्ति हुनु पर्नेछ ।
- परिपक्क, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने हुनु पर्नेछ ।
- उपभोक्ताहरुको आदर तथा विश्वास प्राप्त गर्न सक्ने हुनु पर्ने छ ।
- निर्माण तथा छनौट भएको योजना सम्बन्धि कार्यको व्यवस्थापन गर्न सक्ने अनुभविलाई ग्राहयता दिनु पर्ने छ ।
- जिम्मेवार वहन गर्न सक्ने हुनु पर्नेछ ।
- समितिको कार्य सम्बन्धमा उपभोक्ताले बनाएको नियममा बसी कार्य गर्न प्रतिवद्ध भएको व्यक्ति हुनु पर्ने छ ।
- अन्य संघ संस्थाको पदाधिकारी भई जिम्मेवारी र समय अन्यत्र दिनु पर्ने व्यक्तिको छनौट गर्नु हुदैन ।

## ११. उपभोक्ता समितिमा रहने पदको विवरण

- उपभोक्ता समितिमा निम्न बमोजिमका पदहरुमा उपभोक्ता भेलाले व्यक्तिहरुको छनौट गरी पदाधिकारीद्वारा पद पूर्ति गर्न सक्ने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | (ख) उपाध्यक्ष |
| (ग) सचिव | (घ) कोषाध्यक्ष |
| (ङ) सहसचिव | (च) सदस्य १ देखि ६ जना सम्म |

- उक्त पदहरु मध्ये अध्यक्ष, कोषाध्यक्ष वा सचिव पदमा कम्तिमा एक पद महिलाको लागि र १ पद जनजाती/दलितको लागी छुट्याउनु पर्ने छ ।

## परिच्छेद - ४

### उपभोक्ता समितिको काम, कर्तव्य, अधिकार र कार्य प्रकिया सम्बन्धि

### १२. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार

- योजना सम्पन्न गर्न उपभोक्ता समूहबाट गरिनु पर्ने आर्थिक तथा भौतिक जनसहभागिताको व्यवस्था गर्ने । साथै स्थानीय श्रोत, साधन र श्रमशक्तिको अधिकतम परिचालन गर्ने ।
- आयोजना स्वीकृत गर्ने निकायसँग नगदको रुपमा सहभागिता गर्नु पर्ने भए नगद उठाई नियमानुसार बैंक खातामा जम्मा गर्ने ।
- उपभोक्ता समितिको नियमित मासिक बैठक बसी निर्णय पुस्तिकामा अभिलेख राख्ने र सम्बन्धित निकायलाई जानकारी गराउने ।
- योजना स्वीकृत गर्ने निकायसँग योजना तथा कार्यक्रमको सम्झौता गर्ने ।
- प्राविधिकसँग परामर्श गरी लगत इष्टिमेट, डिजाइन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउने ।
- आय र व्ययको अभिलेख पारदर्शी ढङ्गले राख्ने ।
- नियमित रुपमा सम्बन्धित निकायले तय गरेको ढाँचामा योजनाको प्रगति पेश गर्ने ।
- योजनाको सम्झौता अनुसार कार्य योजना बनाई कार्यान्वयन गर्ने ।
- आयोजनाबाट प्राप्त हुने प्रतिफल समानुपातिक रुपले उपयोग गर्ने वातावरण तयार गर्ने ।
- आयोजना विस्तारका लागि सम्वन्धित निकायमा समन्वय गर्ने ।
- आयोजना सञ्चालनका लागि आवश्यक औजार, सामाग्री आदिको खरिद तथा सुरक्षा गर्ने, आयोजना कार्यान्वयन नगर्दा डोर हाजिरको व्यवस्था गरी अध्यावधि राख्ने ।
- मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्ने ।
- मर्मत सम्भारका लागि सम्बन्धित निकायसँग श्रोत रकम माग गर्ने, उक्त श्रोतको सहि उपयोगको योजना बनाउने ।
- आयोजना लागत रु दुई लाख भन्दा बढी रकमको भएमा आयोजना स्थल नजिक सार्वजनिक ठाउँमा सवैले देख्ने गरी अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड राख्ने । होर्डिङ्ग वोर्डमा उल्लेख गर्नु पर्ने विषयवस्तु सार्वजनिक लेखा परिक्षण निर्देशिकामा उल्लेख भए अनुसार हुनेछ ।
- इलाका गोष्ठी तथा अनुगमन गोष्ठीहरुमा सहभागि भई कार्यक्रम तथा प्रगति विवरण पेश गर्ने ।
- आयोजना सम्पन्न पश्चात आयोजनालाई सञ्चालन भई गर्ने व्यवस्था मिलाउने ।
- उपभोक्ता समितिलाई नियमानुसार योजना स्वीकृत गर्ने निकायको परामर्शमा सम्बन्धित निकायमा दर्ता वा नविकरण गरी आधिकारीकता प्रदान गर्ने ।
- आयोजना खाता राखि अद्यावधिक गर्ने ।
- चौमासिक/मासिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरी अभिलेख राख्ने ।
- प्राविधकद्धारा मध्यावधि तथा अन्तिम मुल्याङ्कन गराउने ।
- योजना सञ्चालन गर्दाको अवस्थामा कम्तिमा दुई पटक अनिवार्य सार्वजनिक लेखा परिक्षण गराउने ।
- योजना सम्पन्न भए पश्चात स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७१ को उपनियम (च) बमोजिम सम्बन्धित निकायबाट जाचँपास फरफारक गरी योजनाको हस्तान्तरण लिने ।

- योजनाको सञ्चालन संरक्षण, मर्मत र सम्भार गर्ने । यसका लागि आवश्यक पर्ने सेवा शुल्कको अग्रिम व्यवस्था गर्ने साथै सेवा उपभोग गर्ने व्यक्ति वा परिवारसँग योजनाको मर्मत सम्भारको प्रयोजनको लागि सेवा शुल्क असुल गर्ने ।
- योजनासँग सम्बन्धित स्थानीय निकायले दिएको नीति निर्देशन पालन गर्ने ।
- योजना संचालनमा बाधा व्यवधान आएमा उपयूक्त सुझाव सहितको सिफारिस सम्बन्धित निकायमा पेश गर्ने ।
- आफ्नो समितिको दर्ता, नविकरण, साधारण सभा तथा वार्षिक कार्यक्रम र बजेटको विवरण सम्बन्धित स्थानीय निकायमा पेश गर्ने ।

## १३. उपभोक्ता समितिले योजना सञ्चालन गर्दा ध्यान पुर्याउनु पर्ने कुराहरु :

- उपभोक्ता समितिले सम्वन्धित निकायसँग सम्झौता गरी कार्यान्वयन गर्ने जिम्मा लिएको आयोजना प्रत्यक्ष रुपमा कुनै ठेक्काबाट गराउन पाइने छैन ।
- उपभोक्ता समितिले आयोजना फरफारक नगरिएको खण्डमा वा काम सन्तोषजनक रुपमा नगरिएको खण्डमा तथा रकम हिनामिना गरिएमा बाँकी किस्ता भूक्तानी रोक्का गर्न सकिने छ वा भविष्यमा पुनः उक्त समितिसँग काम पुनः नगर्ने गरी सम्झौता रद्ध गर्न सकिने छ र हिनामिना गरेको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- कुनै आयोजनाको कार्यान्वयनको शिलशिलमा डिजाइन भन्दा फरक गर्न पाइने छैन । यदि गर्न पर्ने कुनै बाध्यतात्मक स्थिती सिर्जना भएमा समितिले समुहको भेला गराई सहमति लिएर फरक गर्नु पर्ने औचित्यको बारे छलफल गरी सम्बन्धित प्राविधिकसँग परामर्श लिई सम्वन्धित निकायबाट स्वीकृत लिएर मात्र फरक काम गर्ने अन्यथा सो कार्यको अभिलेख रहने छैन र त्यस्तो फरक कार्यको भूक्तानी गरिने छैन ।
- सार्वजनिक निर्माणका कार्यहरु गर्दा गाउँपालिकाले दिएको निर्देशनलाई उल्लघन गरी सार्वजनिक खरिद नियमावलीको दफा ८७ बमोजिम कार्य नगरेमा वा सो बमोजिमको प्रकिया नपुराएको भन्ने कागज देखिन आएमा महालेखा परिक्षकबाट हुने लेखा परिक्षणमा निज उपभोक्ता समितिको नाममा वेरुजु लेखिने छ ।
- आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७० र ७१ को परिधि भित्र रहेर कार्य सम्पादन गर्ने ।

## १४. गाउँपालिकाबाट उपभोक्ता समितिलाई उपलब्ध हुने सक्ने सेवाहरु

- उपभोक्ता समिति गठन गर्दा गठन हुने स्थानमा गाउँपलिकाको प्रतिनिधित्व गराउने ।
- उपभोक्ता समितिसँग गरिने सम्झौता पत्रको तयार गरी हस्ताक्षर गरी १ प्रति उपभोक्ता समितिलाई उपलब्ध गराउने ।
- आयोजनाको लागत इष्टिमेट र डिजाइन तयार गर्ने, स्वीकृत गर्ने र १ प्रति उपलब्ध गराउने ।
- आयोजनाको सम्भाव्यता अध्ययन गर्ने/गराउने ।
- उपभोक्ताहरुवाट हुने जनसहभागिता सुनिश्चित गरी आयोजनाको सम्झौता गर्ने ।
- आयोजना संचालन अनुदान किस्ता तय गर्ने ।
- सम्झौता बमोजिम गाउँपालिकाबाट उपलब्ध गराउने रकम नियमानुसार प्रदान गर्ने ।
- योजनाको प्राविधिकद्धारा स्थलगत भ्रमण गराई कार्य प्रगतिको प्राविधिक मुल्याङ्कन गराउने र सार्वजनिक लेखा परिक्षणमा प्रतिनिधित्व गर्ने/गराउने ।
- आयोजना कार्यान्वयनका लागि र रेखदेखका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।

- आयोजनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गर्न सहयोग गर्ने ।
- आयोजना जाचँपास फरफारक गरी हस्तान्तरण गर्ने ।
- आयोजना अभिलेख राख्ने ।

## १५. उपभोक्ता समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार

- समितिको बैठक बोलाउन लगाउने र बैठकको अध्यक्षता गर्ने ।
- आयोजना सञ्चालनका लागि समितिको निर्णय अनुसार सदस्यहरुलाई कामको बाडँफाँड गर्ने ।
- समितिको काम कारवाहीलाई पारदर्शि बनाउन आवश्यक व्यवस्था गर्ने ।
- योजनाको कार्यान्वयका लागि अन्य संघ संस्थाहरुसँग समन्वय गर्ने ।
- समितिको तर्फवाट विभिन्न कार्यक्रममा प्रतिनिधित्व गर्ने ।
- बैठकमा प्रतिवेदन पेश गर्ने/गराउने ।
- बैठकमा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने ।

## १६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार

- अध्यक्षको काममा सहयोग पुऱ्याउने ।
- अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै काम गर्ने ।

## १७. सचिवको काम, कर्तव्य र अधिकार

- अध्यक्षको सल्लाह र निर्देशन अनुसार समितिको बैठक बोलाउने । बैठकको निर्णय पुस्तिका तयार गरी प्रमाणित गराउने ।
- समितिसँग सम्वन्धित कागजात, सूचना अभिलेख दुरुस्त राख्ने ।
- समितिको निर्णयहरु कार्यान्वयन गर्न आवश्यक कार्यहरु गर्ने ।
- समितिको प्रतिवेदन, प्रस्ताव आदि तयार गर्ने ।
- आयोजना कार्यान्वयन सम्वन्धमा आवश्यक कार्यहरु गर्ने ।

## १७.१. सहसचिवको काम, कर्तव्य र अधिकार

- सचिवको काममा सहयोग पुऱ्याउने ।
- सचिवको अनुपस्थितीमा सचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।

## १८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

- आयोजना सम्वन्धि लेखाको अभिलेख व्यवस्थित रुपमा राख्ने ।
- आय व्यय सम्वन्धि प्रतिवेदन तयार गर्ने गरी बैठक तथा सार्वजनिक लेखा परिक्षणमा पेश गर्ने ।
- लेखा सम्वन्धि खातापाता सुरक्षित राख्ने ।
- आयोजनाको बैंक खाताको सञ्चालनमा सही गर्ने ।
- आयोजना सम्वन्धि लेखा परिक्षण गराउने ।

**१९. सदस्यहरुको काम, कर्तव्य र अधिकार**

- समितिले सुम्पिएको जिम्मेवारी वहन गर्ने ।
- समितिको बैठकमा उपस्थित भई सक्रियतापूर्वक भाग लिने ।
- उपभोक्ता सभामा उपस्थित भई सक्रियतापूर्वक भाग लिने ।

**२०. जनसहभागीता**

- साधारण माटोको काममा लागत इष्टिमेट रकमको २० प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले व्याहोर्नु पर्ने छ ।
- कडा (ढुङ्गा मिसिएको माटो कटिङ्गमा लागत इष्टिमेटको १५ प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।
- सिचाई योजनाको मर्मत सम्भारमा लागत इष्टिमेटको १५ प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले गर्नु पर्ने छ ।
- खानेपानी योजनाको मर्मत सम्भारमा कुल लागत इष्टिमेटको १५ प्रतिशत बराबरको कार्य उपभोक्ता समितिले गर्नु पर्ने छ ।
- सडक ग्राभेल, ड्रेन, वाल आदि कार्यको हकमा लागत इष्टिमेटको २० प्रतिशत रकम उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ ।
- अन्य भौतिक निर्माणको हकमा लागत इष्टिमेटको २० प्रतिशत सम्मको रकम बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नु पर्ने छ । सो को यकिन योजना सञ्चालन गर्ने सम्वन्धित निकायले आयोजनाको प्रकृति हेरी गर्न सक्ने छ ।
- अति गरीव, दलित र पिछाडिएको वर्गले उपयोग गर्ने आयोजना भए उक्त सहभागितालाई सम्वन्धित निकायले आवश्यकता हेरी घटाउन सक्ने छ ।
- उपभोक्ता समितिले नगद रकम नै जम्मा गर्नु पर्ने भएमा जम्मा गर्नु पर्ने रकम बैंकमा जम्मा गरी भौचर पेश गरेपछि मात्रै सम्वन्धित निकायले सम्झौता पत्रमा हस्ताक्षर गर्ने छ ।
- उपभोक्ता समुहमा अति गरीव, विपन्न वा जोखिममा रहेका परिवार छन् भने ती परिवारबाट गराइने जनसहभागितामा उपभोक्ता समितिले सहुलियत दिनु पर्ने छ । तर उक्त आयोजनाबाट लाभ हुने लाभ भने उक्त परिवारलाई समान रुपमा नै वितरण गर्नु पर्ने छ ।
- अति गरीव, विपन्न र जोखिममा परेका परिवारको व्याख्या सम्वन्धित योजना कार्यान्वयन गर्ने निकायले गरे अनुसार हुने छ ।
- उपभोक्ता समितिले जनसहभागितामा लागि जुटाउनु पर्ने प्रतिशत योजना सञ्चालन गर्ने निकायले निर्धारण गरे वमोजिम फेरवदल हुन सक्ने छ ।

**२१. आयोजनाको म्याद थप**

- सम्झौता निर्दिष्ट गरिएको म्याद भित्रमा योजना सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएमा कारण सहित उपभोक्ता समितिले बैठकबाट निर्णय गरी योजना सम्पन्न गर्नु पर्ने मिति भन्दा १ महिना अगाडि म्याद थपका लागि सम्बन्धित निकायमा अनुरोध गर्नु पर्ने छ ।

- गा.पा.ले म्याद थप माग भएको निवेदन प्रति प्राविधिकद्धारा अनुगमन गराई कारण सहितको प्रतिवेदन लिई उक्त प्रतिवेदनको आधारमा एक पटकका लागि म्याद थप गर्न सक्ने छ ।
- म्याद थपको अवधि कार्य प्रकृति अनुसार सम्पन्न हुन बाँकी कार्यको प्राविधिक मुल्याङ्कन प्रतिवेदनको आधारमा सम्वन्धित निकायले १ देखि ३ महिना सम्म थप गर्न सक्ने छ ।
- प्राकृतिक प्रकोप वा अन्य भवितव्य परी थपिएको म्याद भित्र पनि उक्त योजना सम्पन्न हुन नसकेमा दोश्रो पटकको लागि म्याद थप गर्न वाधा पर्ने छैन ।
- उक्त थप गरिएको म्याद भित्र पनि आयोजना सम्पन्न गर्न नसकिएमा सम्झौता रद्ध गरि उक्त समितिलाई कालो सूचिमा राखि भविष्यमा उक्त समितिसँग कुनै कारोवार नगर्ने गरी निकासा समेत रोक्का गर्न सकिने छ ।

## परिच्छेद - ५

### उपभोक्ता समितिको आर्थिक व्यवस्थापन सम्बन्धि व्यवस्था

### २२. उपभोक्ता समितिले आफ्नो आर्थिक कारोवार निम्नानुसार व्यवस्थापन गर्नु पर्नेछ ।

- उपभोक्ता समितिको आर्थिक कारोवार उपभोक्ता समितिको निर्णय अनुसार नजिकको पायक पर्ने बैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ ।
- उपभोक्ता समितिको खाता उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन गर्नु पर्नेछ ।
- गा.पा.ले चाहेको बखत जुनसुकै बेलामा पनि उपभोक्ता समितिको खाता र बैंक पासवुक जाचँवुझ गर्न सक्ने छ ।
- उपभोक्ता समितिले आयोजनाको आय व्यय विवरणको अभिलेख व्यवस्थित रुपमा राख्नु पर्ने छ ।
- आय व्यय विवरण आयोजना सम्पन्न भएपछि सार्वजनिक लेखा परिक्षणमा पेश गर्नु पर्नेछ ।
- आय व्यय विवरणको प्रतिवेदन सम्झौता बमोजिम र सम्वन्धित निकायमा योजना सम्पन्न भएपछि फरफारकको लागि पेश गर्नु पर्नेछ ।
- उपभोक्ता समितिलाई प्रशासनिक खर्च गर्न बैठकवाट निर्णय गरी केहि निश्चित रकम किटान गर्न सकिने छ । उक्त प्रशासनिक खर्चको औचित्यको पुष्ट्याई समेत गर्नु पर्नेछ ।

### २३. उपभोक्ता समितिले निकासा लिन कार्यविधि

- उपभोक्ता समितिको बैठक बसी कार्य प्रगतिको आधारमा किस्तागत रकम माग गर्ने निर्णय गर्नु पर्दछ ।
- प्राविधिकद्धारा कार्यको मुल्याङ्कन फाराम (निकासा माग पत्रमा) संलग्न गर्नु पर्ने छ ।
- समितिले रकम माग सम्वन्धि कागजात सम्वन्धित निकायमा निम्नानुसार पेश गर्ने ।
- पहिलो निकासा भए आयोजना सम्झौताको प्रतिलिपि सहित सम्झौतामा उल्लेख गरिए बमोजिमको रकम माग गर्ने ।
- पहिलो किस्ता पछिको रकम निकासा माग गर्दा पहिलो किस्ताको खर्च विवरणको साथै सो को विल भरपाईहरु समेत पेश गर्नु पर्ने छ । विल भरपाई उपभोक्ता समितिको अध्यक्षले प्रमाणित गरेको हुनु पर्नेछ ।
- ज्यामि र मिस्त्री लगाउनु पर्ने कार्यको हकमा डोर हाजिरी फाराम अनिवार्य सम्लग्न हुनु पर्नेछ ।
- दोश्रो किस्ता पछिको रकम माग गर्दा प्रगति र प्राविधिक मूल्याङ्कन संलग्न राखि पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६

### आयोजना मर्मत तथा संचालन र हस्तान्तरण सम्बन्धि व्यवस्था

### २४. आयोजना जाँचपास, हस्तान्तरण

- आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७० को उपनियम (ड) बमोजिम उपभोक्ता समितिले सञ्चालन गरेको योजना तथा कार्यक्रमको जाँचापास गराउनु पर्ने छ।
- आयोजना जाँचपास फरफारक भई सकेपछि सम्बन्धित निकायबाट उक्त आयोजना सञ्चालन गर्न उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेछ।
- योजना सञ्चालन गर्न उपभोक्ता समिति आफैले जिम्मेवारी लिन सक्नेछ। उक्त आयोजनाको संचालन एवम् संरक्षणका लागि नयाँ उपसमिति उपभोक्ता समुहवाट खडा गरी जिम्मा दिन पनि सकिनेछ।
- उपसमितिको गठन प्रक्रिया उपभोक्ता समिति गठन प्रक्रिया अनुरुप नै हुनेछ।

### २५. मर्मत सम्भार तथा सञ्चालन सम्वन्धमा

उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण भई सकेपछि आर्थिक प्रशासन सम्वन्धि नियमावली २०५६ को नियम ७१ को उपनियम (ज), (झ) र (ञ) को परिधि भित्र रहेर उपभोक्ता समितिले योजनाको मर्मत सम्भार एवम् सञ्चालनका लागि निम्न कार्य गर्न सक्नेछ।

- आयोजना मर्मत सम्भारका लागि आवश्यक व्यवस्था गर्न आयोजनावाट सेवा प्राप्त गर्ने समूह वा व्यक्ति वा परिवारवाट सेवा शुल्क उठाउने व्यवस्था गर्न सक्ने छ।
- सेवा शुल्क वापत असुल गर्ने रकमको दर आयोजनाको प्रकृति हेरी लाभान्वित उपभोक्ता समूहको बैठकवाट निर्धारण गरी कार्यान्वयन गर्न सक्ने छ।
- उपभोक्ता समितिले योजना सञ्चालन सम्वन्धमा आवश्यक ठानेमा निर्देशिका तयार गरी उपभोक्ता समुहवाट पारित गराई लागु गर्न सक्नेछ।
- मर्मत सम्भार वा सञ्चालन कोष खडा गरी सोहि कोषवाट योजनाको मर्मत सम्भार एवम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद - ७

### विविध

### २६. संशोधन एवम परिमार्जन

- यो निर्देशिकालाई संशोधन गर्न आवश्यक ठानिएमा गाउँपालिकाले संशोधन एवम परिमार्जन गर्न सक्ने छ।
- यो निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियमानुसार हुनेछ।
- यस निर्देशिकामा लेखिएका वुँदाहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हकमा स्वतः निश्क्रिय हुनेछ।

## २७. वचाउ र खारेजी

- उपभोक्ता समितिवाट योजना एवम् कार्यक्रम सञ्चालन सम्वन्धमा यो निर्देशिका जारी हुनु भन्दा अघि लिइएका नीति एवम् बनाइएका नियमहरु यो निर्देशिका जारी भएको मिति देखि स्वतः खारेज हुने छ ।
- यो निर्देशिका जारी हुनु भन्दा अघि उपभोक्ता समिति गठन र सञ्चालन सम्वन्धि भए गरेका काम कुराहरु यसै निर्देशिका अनुसार भए गरेको मानिने छ ।